सौर्य दैनिक
आर्थिक



नेपाल राष्ट्र बैंकले २० रूपैयाँ दरका ३१ करोड नोट छाप्ने तयारी गरेको छ । यसको लागि राष्ट्र बैंकले अन्तर्राष्ट्रिय बोलकबोल आब्हान गरेको हो । राष्ट्र बैंकका अनुसार नोट छापिएर आउन करिब एक वर्ष लाग्ने छ

नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यले दैनिक ४० किलो सुनको माग भएपनि दैनिक कोटा १० किलोमा सिमित भएको बताएका छन । बिबाहको सिजनमा माग अनुसार आपूर्ति हुन नसेकेपछि सुनको अभाव हुन थालेको उनको भनाई छ



# १० वर्षे औद्योगिक नीति ल्याउने गृहकार्य सुरु



**सौर्य समाचार**

काठमाडौं । १० वर्षे औद्योगिक नीति ल्याउने गृहकार्य सरु भैसकेको उद्योग सचिव डा. तोय नारायण ज्ञवालीले बताएका छन । नेपाल उद्योग परिसंघले आयोजना गरेको 'परिसंघमा परिचर्चा' कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

मेक इन नेपाल 'स्वदेशी' अभियानमा आवद्ध हुने सदस्यहरुलाई सहुलियत दिन सरकार सकारात्मक रहेको उनको भनाई थियो । औद्योगिक पूर्वाधार, लगानी पूर्वाधार, योजनामा मन्त्रालयले काम गरिरहेको भन्दै उनले उद्योग मन्त्रालय र उद्योगीहरुलाई सहजिकरण गर्ने मन्त्रालय रहेको र उद्योगीहरुको समस्या समाधानमा प्रतिबद्ध रहेको बताए ।

सो अवसरमा उद्योग विभागका महानिर्देशक रामचन्द्र तिवारीले नेपाल उद्योग परिसंघले औद्योगिक विकासका लागि प्रभावकारी रुपमा आफ्ना गतिविधिहरुलाई अगाडि बढाउँदै आएको बताए । उनले उद्योग क्षेत्रको विकासका लागि गहन अध्ययन गरेर परिसंघ अगाडि बढ्दै आएको जानकारी दिदै सरकारले निजी क्षेत्रबाट यस्तै प्रयासको अपेक्षा गरेको धारणा राखे । निजी क्षेत्र र सरकार मिलेर नै औद्योगिक विकास गर्न सकिने उनको भनाइ थियो ।

कार्यक्रममा परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले परिसंघले सरकारसँगको सहकार्यमा अगाडि बढाइरहेको मेक इन नेपाल 'स्वदेशी' अभियानमा आवद्ध सदस्यहरुलाई सहुलियत दिन आग्रह गरे । भारत, अष्ट्रेलियालगायत मुलुकमा सरकारको अग्रसरमा मेक इन अभियान संचालन भईरहेकोमा नेपालमा परिसंघको अग्रसरतामा मेक इन नेपाल अभियान संचालन भईरहेको छ । मेक इन नेपाल अभियानमा आवद्ध उत्पादनहरुलाई सहुलियत दिइए स्वदेशी उत्पादन बढाउन र निर्यात गर्न प्रोत्साहन मिल्ने अध्यक्ष अग्रवालले बताए । उद्योग मन्त्रालय उद्योगीहरुको फोकल मन्त्रालय बन्नुपर्नेमा जोड दिदै उनले त्यसले उद्योगको महत्व बढाउने र उद्योगीहरुको समस्या समाधानमा अन्य मन्त्रालय एवं सरोकारवाला पक्षसँग समन्वय गर्न सहयोग गर्ने बताए ।

अध्यक्ष अग्रवालले नीतिगत स्थिरतामा जोड दिदै निश्चित अवधिसम्म नीति परिवर्तन नुहने गरी उद्योगी, लगानीकर्तालाई आश्वस्त पार्नुपर्नेमा जोड दिए । सो अवसरमा कार्यपत्र प्रस्तुत गर्दै परिसंघको उद्योग समिति सभापति गोकुल भण्डारीले आयात प्रतिस्थापन सम्भव भएका वस्तुको आयात निरुत्साहित गर्नुपर्ने बताए । उद्योग तथा लगानी प्रवर्द्धनसँग प्रत्यक्ष सरोकार राख्ने कानुनी व्यवस्थालाई एकीकृत गर्दै उद्योगलाई पर्ने समस्या समाधान तथा उनीहरूले पाउने सुविधा तथा सहुलियत एकै स्थानबाट उपलब्ध गराउन एकीकृत औद्योगिक विकास ऐन तर्जुमा गरी कार्यान्वयन गर्न उनले आग्रह गरे ।

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ**
**सडक डिभिजन चरिकोट**

**आर्थिक प्रस्ताव खोलिने सूचना**

**प्रकाशन मिति: २०७९/०८/०९**

यस कार्यालयको मिति २०७९/०५/२९ को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०४-०७९/८० अनुसार मिति २०७९/०६/३० मा खुलेको प्राविधिक प्रस्तावको प्राविधिक मूल्यांकन बाट सफल भएका तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको सार्वजनिक खरिद नियमावलीको नियम ३१(ङ) अनुसार आर्थिक प्रस्ताव खोल्नको लागि सूचना सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ ।

**तपसिल**

| ठेक्का नं र कार्यको विवरण | आर्थिक मूल्यांकनको लागि छनौट भएका निर्माण व्यवसायीको नाम |
|---|---|
| RDCHT/33701138-4/079/80-22(Roadway Construction works at Khurkot-Manthali-Tamakoshi-Singati-Lamabagar-lepche Gaun Road, Dolakha) | 1. Om Buddha Construction Pvt.Ltd,<br>2 .Shankar-Luminous JV |

आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान : २०७९/०८/१६ गते दिनको १:०० बजे, सडक डिभिजन चरिकोट

**डिभिजन प्रमुख**

**बलेफी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बलेफी, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको संकलन त'था उत्खनन् शुल्क संकलनका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः-२०७९/०८/०९**
**ठेक्का नं. आय-०१/२०७९-०८०**

यस गाउँपालिकाको सुनकोशी र ब्रह्मायणी नदी किनारको स्वीकृत स्थानहरुहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलनको शुल्क असुल गर्ने कार्य बोलपत्रको माध्यमबाट बढाबढ गरी गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र वा सोको म्याद थपको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू. अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर (रु.) | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | आय-०१/२०७९-०८० | नदीजन्य पदार्थको संकलन त'था उत्खनन् शुल्कका लागि बोलपत्र | ४४७६८४.०२ | ४०,२९,१५६.१८ | ३००० | २०७९/०८/२५ |

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा NIC ASIAबैंक खाडिचौर शाखा कार्यालय, सिन्धुपाल्चोकमा रहेको यस कार्यालयको खाता नं.194CA50003570007 मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३२ औं दिन भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको NIC ASIA बैंक खाडिचौर शाखामा रहेको धरौटी खाता नं. J4CA000357052405 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु बोलपत्रदाताले भर्नु पर्नेछ । एक फर्म वा संस्थाको नाममा खरिद गरिएको फाराम अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको अपरान्ह १ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिनको बिहान ११ बजे यस गाउँकार्यपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले १५ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । बाँकी रकम दुई समान किस्तामा २०७९ साल चैत्र मसान्त भित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ। ६० प्रतिशतले हुने बुझाउन बाँकी किस्तावापतको रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त भएको बैंकबाट यस कार्यालयको नाममा २०८० साल श्रावण मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी सम्झौता गर्नु पर्ने र पट्टा उठाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंकको रकम र भ्याट समेत यस कार्यालयमा बुझाउनु पर्नेछ।नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ । तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून, यस गाउँपालिकाबाट जारी कानून तथा निर्णयहरु र अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**Bhume Rural Municipality**
**Office of The Rural Municipal Executive**
Khabangbagar, Rukum (East)
Lumbini Province, Nepal

**Invitation for Bids for Procurement and Transport of Medicine for Health post and Community Health Unit**

**Date of Publication: 2079/08/09 B.S (2022/11/25 A.D)**

1. **Bhume Rural Municipality** (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office **BRMO Khabangbagar, Rukum** (East) on or before 12:00 Noon on 2079/08/25 B.S (2022/12/11 A.D). Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on 2079/08/25 B.S. (2022/12/11 A.D.) at the office of BRMO **Khabangbagar, Rukum (East).** Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **the below mentioned amount** which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act-2063 and Regulations-2064 including all amendments.
6. **Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East)** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Name of the Bank : Citizens Bank International Ltd., Bhume branch
Name of Office : Bhume Rural Municipality, Khabagbagar, Rukum(East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 Bhume Ga.Pa Aantarik Rajaswa Khata | GA 3 Bhume Ga.pa. Dharauti Khata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. The Name and identification no of the contracts are as follows.

| S. N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement and Transport of Medicine for Health post and Community Health Unit | EGP/BRMO/ 079-80/SQ/ GOODS/01 | 12,50,000.00 (Twelve lakh fifty thousand only) | 1,000.00 (One thousand only) | 37,500.00 (Thirty seven thousand five hundred only) |

**Chief Administrative Officer**